# स्थानीयतह सदस्य निर्वाचन २०७९ मतदाता शिक्षा अभियान



## सिकाई आदान प्रदान


**प्रकाशकः**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

केन्द्रीय कार्यालय, धनगढी-५, हसनपुर कैलाली

सम्पर्क नं.: ०९१-५२०६०४ (केन्द्रिय कार्यालय)

केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं, सम्पर्कः ९८४१०१२६०७

इमेलः rdnnepal@yahoo.com, वेबसाइटः www.rdnnepal.org.np

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल
## केन्द्रीय कार्य समिति



श्री गणेश बिश्वकर्मा
(केन्द्रीय अध्यक्ष)



श्री निरा जैरु
(उपाध्यक्ष)



श्री मोहन ओड
(महासचिव)



श्री जंग ब. सुनार
(कोषाध्यक्ष)



श्री डिबी शाहशंकर
(सचिव)

## केन्द्रीय सदस्यहरु



श्री पार्वती आग्री



श्री श्याम सुनार



श्री प्रेम वि.के.



श्री शारदा बिश्वकर्मा



श्री गिता नेपाली



श्री बसन्त परियार



श्री बिक्रम बादी



श्री मीना परियार

दलितअधिकार, भूमिअधिकार र मानवअधिकारका लागिः
राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

स्थानीयतह सदस्य निर्वाचन २०७९
मतदाता शिक्षा अभियान

**अवधारणाः**
गणेशबि.के.

**प्रधान सम्पादक**
हुकुम ब. सार्की

**सम्पादन सहयोगीः**
पार्वती आग्री
भरत आग्री
कल्पना सुनार

प्रकाशकः
दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः
राष्ट्रिय दलित नेटवर्क ९चम्ल० नेपाल
केन्द्रीय कार्यालय, धनगढी-५, हसनपुर कैलाली
सम्पर्क नं.: ०९१-५२०६०४ (केन्द्रिय कार्यालय)
केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं, सम्पर्कः ९८४१०१२६०७
इमेलः rdnnepal@yahoo.com, वेबसाइटः www.rdnnepal.org.np

# आभार तथा धन्यवाद ज्ञापनः



लोकतन्त्रको आधार स्थानीय तहको निर्वाचन अझ प्रभावकारी तथा सहभागितामुलक समावेशी र दलितमैत्री बनाउने उद्देश्यले राष्ट्रिय दलित नेटवर्कलाई विश्वास गरी सहयोग उपलब्ध गराई साझेदारी गरेकोमा यूएनडिपीलाई सर्वप्रथम आभार व्यक्त गर्न चाहन्छौं। साथै यस ऐतिहासिक कामका लागि विश्वास गरेकोमा निर्वाचन आयोग तथा सम्बद्ध निकायप्रति आभार प्रकट गर्न चाहन्छौं। स्थानीयतह सदस्य निर्वाचन २०७९ को पारदर्शिता, निश्पक्षता र विश्वासीलो बनाउन स्थानीय रूपमा सहयोग गर्नु हुने वडा कार्यालयहरू,नप्रतिनीधिहरू, स्थानीय तहका कर्मचारीहरू, स्थानीय राजनीतिक दलहरू, नागरिक समाज तथा अन्य सरोकारवालाहरूप्रति समेत धन्यवाद ज्ञापन गर्दछौं।

यस चुनौतिपूर्ण तर ऐतिहासिक काम सम्पन्न गर्न राष्ट्रिय दलित नेटवर्कका तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएकोमा अभियान संयोजक पार्वती आग्री तथा ९ वटै जिल्लाका स्वयंसेवक साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

यस अभियानको शुभारम्भदेखि कार्यालय व्यवस्थापन, समन्वय र नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने संस्थाका कार्यकारी निर्देशक हुकुम सार्की, वित्त व्यवस्थापक भरत आग्रीलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु, साथै कार्यालयबाट समन्वयमा विशेष भूमिका निर्वाह गरेमा कल्पना सुनार लगायतका साथीहरूलाई धन्यवाद ज्ञापन गर्दै यस अभियानमा सम्पूर्ण रपमा सहयोग पुरयाउनु हुने आरडिएन नेपालका महासचिव मोहन ओड, कोषध्यक्ष जंग सुनारलगायत सिंगो राष्ट्रिय दलित नेटवर्क परिवारप्रति हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्न चाहन्छौं।

अन्त्यमा यो ऐतिहासिक कामको लागि ९ वटै जिल्लाका वस्तिस्तरका दलित दाजुभाई दिदिबहिनीहरूको साथ र सहयोग तथा सहभागिता नभएको भए यो काम सम्पन्न गर्न संभव थिएन त्यसैले मतदाता शिक्षा अभियानमा जोडिनु भएका सम्पूर्ण दाजुभाई दिदिबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

यस अभियानलाई व्यक्तिगत तथा संस्थागत रपमा सुझाव तथा सल्लाह प्रदान गर्नु हुने यूएनडिपीका निकिला श्रेष्ठ, विष्णु नेपाली लगायतप्रति हार्दिक आभार व्यक्त गर्न चहन्छौं साथै निर्वाचन आयोगका केन्द्रीय कार्यालय तथा सुदूरपश्चिमका ९ वटै जिल्लाका कार्यालयहरूलाई आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

......................

**गणेश विश्वकर्मा**
केन्द्रीय अध्यक्ष
राष्ट्रिय दलित नेटवर्क

## १) संस्थाको परिचयः

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरूमध्ये धेरै लक्ष्यहरू भएको एउटै लक्ष्य, धेरै योजनाहरू भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरू भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरूपहरूको एउटै संगठन, धेरै अवधारणाहरूको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रूपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिीभिष्टमा आधारित जनसंगठन हो ।

मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत गैससहरू, विभिन्न महासंघहरू, लोकतन्त्र र शान्तिका लागि कार्यरत नागरिक आन्दोलनहरू, दलित आन्दोलनका सारथि दलित राजनीतिक जनसंगठनहरू, संचारकर्मीहरूका प्रतिनीधिमुलक संगठनहरूको अर्थपूर्ण सहकार्यकासाथ बृहत सामाजिक आन्दोलन उठान गर्ने र दलितहरूका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरूको एकीकृत रूपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो । स्थापनाका केही वर्ष लुज नेटवर्कका रूपमा कार्यरत रहँदै २०६० सालमा औपचारिक रूपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो । च्म्लनेपालमा हाल १०० वटा भन्दा बढी संस्थागत सहकार्य सदस्य संस्थाहरू र १५०० भन्दा बढी व्यक्तिगत सदस्यहरू सहित ४५ जिल्लामा शाखाहरू रहेका छन् ।

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मानव अधिकार एलायन्स, राष्ट्रिय भूमि अधिकार सरोकार समूह, एचआइभि तथा एडस विरुद्ध एशियाली जनअभियान (APACHA), नयाँ दक्षिण एशियाको परिकल्पना (INSA), लोकतन्त्र र सामाजिक रूपान्तरणका लागि नागरिक अभियान, लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन, शान्तिका लागि साझा अभियान (COCAP), जातीय विभेद विरुद्ध राष्ट्रिय मंच (NCARD), दलित अधिकारका लागि राष्ट्रिय मंच लगायतका मंचहरूको नेतृत्व तथा सदस्यका रूपमा कार्यरत छ ।

## परिकल्पना

- विश्वव्यापी मान्यतामा आधारित जातीय छुवाछूत र विभेद रहित न्यायपूर्ण समाज ध्येय
- दलितहरूको पहिचान, प्रतिनिधित्व र पहँच सहितको अधिकार स्थापना गर्ने मानवअधिकारमुखी आन्दोलनको स्रोत केन्द्रका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने लक्ष्य
- जातीय छुवाछूत र विभेदको समूल अन्त्य गरी राजनैतिक, आर्थिक र सामाजिक/सांस्कृतिक अधिकार कायम गर्न निर्णय तहमा प्रभाव पार्नु

## उद्देश्यहरू

- दलितहरूको राजनैतिक, आर्थिक, सामाजिक/सांस्कृतिक अधिकारहरू स्थापित गर्न अधिकारमुखी अभियान संचालन गर्नु
- जातीय छुवाछूत र विभेदको समुल अन्त्य गर्न स्थानीयदेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा अभियान मार्फत राज्यको वर्तमान विभेदकारी संरचनाको पुनःसंरचना गर्दै राज्यलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु
- दलित समुदायको संवैधानिक हक अधिकार र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गरी सामाजिक न्याय, मानव मर्यादा कायम गराई राष्ट्र विकासको मूल प्रवाहमा दलित समुदायको अनिवार्य र सक्रिय सहभागीता गराउन राज्य सत्ता, सरकारी तथा गैसस क्षेत्र, शिक्षा, भूमि तथा आवास र उत्पादन तथा उत्पादित वस्तुको बजारमा संवैधानिक रूपमा अवाधिक आरक्षणका लागि अभियान संचालन गर्नु
- सामन्तवादी शोषणमुलक सामाजिक कु-प्रथा, चलन (हलिया, डोली, खली, भुँड, यौन शोषण, सीनो खाने/फ्याँक्ने, छोरीको धनखाने, मल बोक्ने, जारी, छुवाछूत) हरूको अन्त्य गर्नु
- राज्यका साधन/श्रोत (जल, जमिन, जगल) र निर्णायक तह (संसद, सरकार, न्यायालय, प्रशासनिक क्षेत्र, स्थानीय निकायहरू, राजनैतिक दलहरू, गैससहरू, उपभोक्ता समितिहरू, विद्यालय व्यवस्थापन समितिहरू, आयोगहरू, संचारक्षेत्र) हरूमा दलितहरूको समान पहुँच र नियन्त्रण कायम गर्नु
- दलितहरूका परम्परागत पेशाहरूलाई आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै जीवन उपयोगी बनाई सामयिक प्रतिष्पर्धामा आउने वातावरण बनाउन सम्बन्धित निकायको

ध्यानाकर्षण गराउनका साथै स्वयं दलित समुदायका वीच विद्यमान आन्तरिक छुवाछूत अर्थात् ब्राह्मणवादी चिन्तनको समूल अन्त्य गर्नु

- मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकास तथा सामाजिक न्यायको स्वच्छ समतामुलक र पारदर्शी सम्पादन एवं उपयोग हुने वातावरणको प्रवर्द्धन र विकासका निमित्त सक्रीय हुनु ।

## २. सुदुरपश्चिम प्रदेश र दलितः

२०६८ को जनगणनामा तथ्यांक विभागले पहिचान नखुलेका करिब २ लाख दलितसहित जनसंख्या १३ प्रतिशत देखायो । पछि समानुपातिक चुनावमा समावेशी कोटा निर्धारण गर्ने सिलसिलामा निर्वाचन आयोगले दलितको संख्या १३.८ प्रतिशत कायम गरयो । अहिले दलित समुदायहरू यसैलाई आधिकारिक मान्न बाध्य छन् । सरकारको हरेक समावेशी कोटामा पनि यही तथ्यांकलाई आधार बनाइएको छ । तर दलित आन्दोलनसँग सम्बन्धित संघसंस्थाले भने यो समुदायको जनसंख्या २० प्रतिशत रहेको दाबी गर्दै आएका छन् । दलित अधिकारका लागि कार्यरत एउटा गैरसरकारी संस्थाले तथ्यांक विभागका पूर्व तथा बहालवाला कर्मचारीहरूका माध्यमले सिरहा, महोत्तरी, कपिलवस्तु, गुल्मी, सुर्खेत र बैतडीमा नमुना जनगणना गरेको थियो। त्यसमा छवटै जिल्लामा दलितको संख्या सरकारले निकालेको भन्दा ३ देखि ६ प्रतिशत विन्दुले बढी देखियो । दलितको संख्या ती जिल्लामा सरदर २२ प्रतिशत देखियो । ती तुलनात्मक रूपमा दलितबहुल क्षेत्र भएकाले जनसंख्या केही बढी देखिएकोलाई आधार मान्ने हो भने पनि सरकारले लिएको तथ्यांकमा कमी-कमजोरी रहेको प्रमाणित हुन्छ । अहिले जसरी अन्य उत्पीडित जाति तथा समुदाय आफ्नो वास्तविक स्थिति गणनाका लागि जागरुक भएका छन्, त्यसैगरी दलित समुदाय पनि जागरुक हुन जरुरी छ र आफ्नो पहिचान खुल्ने गरी गणकहरूसँग प्रस्तुत हुन जरुरी छ। आफूले भोगेका तमाम विभेद र उत्पीडनबारे पनि खुलेर गणकहरूलाई बताउनुपर्छ ।

नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०७६ का अनुसार मानव विकास सूचकांकमा सबैभन्दा पछि ०.४२१ ले प्रदेश २ पछि छ भने पुछारवाट ०.४३१ ले सुदुरपश्चिम प्रदेश तेश्रो स्थानमा रहेको छ । वहुआयामिक गरिबीको हिसावले पनि त्यहाँको गरिबी ३३.६ प्रतिशत रहेको छ । अर्थात सवै सूचकांकले तेश्रो स्थानमा रहेको सुदुरपश्चिम

प्रदेशमा त्यहाँका १७।३ प्रतिशत अर्थात ३ लाख ६६ हजार दलितको अवस्था कस्तो होला भन्ने धेरै चर्चा हुदैन। दासत्वप्रथाको अवशेषको रूपमा रहेको १७ हजार हलियाहरू मध्ये ९० प्रतिशत यहिँ रहेका छन् भने त्यसमध्ये ९० प्रतिशत भन्दा माथि दलित समुदायका रहेका छन्। त्यति मात्र नभईकन गत चैत्र ११ देखि सुरु भएको लकडाउनको अवधिमा १० वटा दलित मानव अधिकार उलंघनका गम्भीर घटनाहरू भएका छन्। यी सवै पृष्ठभूमीको सन्दर्भमा सदुरपश्चिम प्रदेशले दलितका लागि एउटा राम्रो कामको सुरुवात गरेको छ त्यो हो दलित सशक्तिकरण विधेयक।

## राज्यसत्तामा दलितको दयनीय प्रतिनिधित्व

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा दलित समुदायको कुल जनसंख्या १३.८ प्रतिशत छ। संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य शासन सञ्चालनका हरेक तहमा सहभागिता हुन पाउने अधिकार सुनिश्चित गरेको छ। तैपनि नीति निर्माण तहमा दलितलगायत उत्पीडित समुदायको उपस्थिति कमजोर भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले देखाएको छ।स्थानीय तहदेखि संघीय सरकारसम्म र निजामतिदेखि न्यायालयसम्मको दलितसमुदायको उपस्थिति हेर्दा सरकार संविधानको मर्मविपरीत गएको दलित समुदायको मानवअधिकारको अवस्था प्रतिवेदनमा उल्लेख छ।उक्त प्रतिवेदनले दलित समुदायभित्रको गरिबी, औसत आयु, शिक्षाको अवस्थामा पनि भयावह भएको तथ्यांक प्रस्तुत गरेको छ।संघीय सरकारका २२ मन्त्रीमध्ये दलित समुदायबाट एकजना मात्रै मन्त्री छन्। कास्की १ बाट प्रत्यक्ष निर्वाचित जगतबहादुर विश्वकर्मा युवा तथा खेलकुद मन्त्रीको रूपमा संघीय सरकारमा छन्। प्रतिनिधिसभामा दलित समुदायबाट प्रत्यक्ष निर्वाचित ३ जना र समानुपातिकतर्फ १३ जना पुरुष र ३ महिना अघि २९ जनाको उपस्थिति रहेको प्रतिवेदनमा उल्लेख छ। निर्वाचन ऐन २०७४ अनुसार प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीबाट ११० गरी जम्मा २७५ जना सांसद रहेको छ। प्रतिनिधि सभामा दलित समुदायको प्रतिनिधित्व ६ दशमलव ९ प्रतिशत छ। त्यस्तै, राष्ट्रिय सभाका कुल ५९ जना सदस्यमध्ये दलित समुदायबाट १२ प्रतिशत सहभागिता छ। राष्ट्रिय सभामा दलित महिलाको उपस्थिति भने शून्य छ।

## प्रदेश सरकारमा दलितको उपस्थिति शून्य

प्रदेश सरकार सञ्चालनमा दलित समुदायको सहभागिता उपेक्षित र समानुपातिक सिद्धान्तका आधारमा प्रतिनिधित्व हुन पाउने अधिकारको मर्म विपरीत भएको मानवअधिकार आयोगले बताएको छ। सातवटै प्रदेश सरकारमा दलित समुदायको उपस्थिति शून्य छ। प्रदेश सरकारमा सबैभन्दा बढी खस आर्य समुदायबाट ५१.९२ अर्थात २७ जनाको उपस्थिति रहेको छ। जनजाति समुदायबाट ८, नेवारबाट १, मधेशीबाट १२, थारुबाट २ जनाको प्रदेस सरकारमा उपस्थिति छ। यो संख्यालाई हेर्दा प्रदेश सरकारमा जनजातिबाट १५.३८ प्रतिशत, नेवारबाट १.९२, मधेशबाट २५.०० थारुबाट ३.८५, मुस्लिमबाट १.९२ प्रतिशत प्रतिनिधित्व भएको हुन आउँछ। प्रदेश सभामा निर्वाचित ५५० जनप्रतिनिधमध्ये दलित समुदायबाट ३२ जना अर्थात ५ दशमलव ८२ प्रतिशत मात्र निर्वाचित भएका छन्। प्रत्यक्षबाट ४ जना दलित पुरुष निर्वाचित भएका छन् भने समानुपातिकतर्फ ४ जना दलित पुरुष र २४ जना महिला निर्वाचित भएका हुन्। यद्यपि प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ ले प्रदेश सभाको निर्वाचन गर्दा प्रदेशमा रहेको दलितको जनसंख्याको प्रतिशतका आधारमा सहभागिता गराउने कानुनी व्यवस्था छ। यसअर्थ प्रदेश १ मा १० दशमलव ०६ प्रतिशत हुनुपर्नेमा ३ दशमलव २ प्रतिशत प्रतिनिधि छन्। प्रदेश २ मा १७ दशमलव २९ प्रतिशत हुनुपेर्नेमा ४ दशमलव ६७, बागमती प्रदेशमा ५ दशमलव ८४ प्रतिशत निर्वाचित हुनपर्नेमा १ दशमलव ८१, प्रदेश पाँचमा १५ दशमलव ११ प्रतिशत निर्वाचित हुनुपर्नेमा ८ दशमलव ०४, कर्णाली प्रदेशमा २३ दशमलव २५ हुनुपर्नेमा ७ दशमलव ५ र सुदूरपश्चिचममा १७ दशमलव २९ प्रतिशत हुनुपर्नेमा ७ दशमलव ५४ प्रतिशत मात्र निर्वाचित भएका छन्। नेपालमा १२५ जाति र १२३ भाषभाषी भएका मानिसहरूको बासोबास छ। दलित समुदायलाई पहाडे मुलका ७ जाति र मधेसी मूलका १९ जाति गरि जम्मा २६ जातिको सूचीकृत गरिएको छ। नेपालको राष्ट्रिय जनगणा २०६८ अनुसार नेपालमा दलितको जनसंख्या ४१ लाख २४ हजार ३९ रहेको छ। सबैभन्दा बढी कर्णाली प्रदेशमा २३ दशमलव ३ प्रतिशत र सबैभन्दा कम बागमति प्रदेशमा ५ दशमलव ५ दशमलव ८४ प्रतिशत जनसंख्या छ। त्यस्तै गण्डकी प्रदेशमा १७ दशमलव ४, सुदुरपश्चिम प्रदेशमा १७ दशमलव ३ प्रतिशत दलितको जनसंख्या छ।

## स्थानिय सरकारमा दलितको प्रतिनिधित्वः

गाउँपालिकाको अध्यक्षमा १ जना-० दशमलव २२ प्रतिशत) र उपाध्यक्षमा १५ जना (३ दशमलव २६ प्रतिशत) दलित समुदायको उपस्थिति छ। जब कि स्थानीय तहमा २९३ जना नगर प्रमुख उप्रमुख र ४६० जना अध्यक्ष र उपाध्यक्षको संख्या छ।स्थानीय तहमा पनि पहाडी ब्राह्मण र पहाडी क्षेत्रीको वर्चश्व देखिन्छ। स्थानीय तह प्रमुखमा २५ दशमलव ६० प्रतिशत पहाडी ब्राह्मण र २४ दशमलव ९१ प्रतिशत क्षेत्रीको उपस्थिति छ।

उपप्रमुखमा २८ दशमलव ६७ प्रतिशत ब्राह्मण र २० दशमलव १४ प्रतिशत क्षत्रीको उपस्थिति रहेको निर्वाचन आयोगको तथ्यांक छ। अध्यक्षमा १७ दशमलव ८३ प्रतिशत ब्राह्मण र २८ दशमलव ७० क्षेत्रीको उपस्थिति छ भने उपाध्यक्षमा २० दशमलव ८७ प्रतिशत ब्राह्मण र २१ दशमलव ४७ प्रतिशत क्षत्री समुदायका रहेका छन्। तर, दलित महिला सदस्यलाई अनिवार्य गरेसँगै स्थानीय तहमा ६ हजार पाँच सय ६७ जन दलित महिला निर्वाचित भएका छन्। महानगरपालिका, उपमहानगरापालिका, नगरपालिका र गाउँपालिका निर्वाचिनको विभिन्न पदमा १४ हजार ३५३ जना महिला प्रतिनिधि रहेको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ। तर, नीति, कार्यक्रम, बजेट निर्माण गर्ने र बजेटको कार्यान्वयनको सवालमा भने दलित महिलालाई अर्थपूर्ण सहभागिता नगराउने अधिकांश दलित महिला सदस्यले गुनासो गरेको पनि आयोगको प्रतिवेदनमा उल्लेख छ।

## ३. मतदाता शिक्षा अभियानको सन्दर्भः

राज्यको ढाँचा तथा शासन संचालन नागरिक र तिनका प्रतिनीधिहरूबीचको सम्झौताको परिणामस्वरूप निर्धारण हुने गर्दछ। वि.सं.२०७२ सालमा संघीय लोकतान्त्रिक संविधान कार्यान्वयनमा आएपछि स्थानीय तहको दोस्रो निर्वाचन यही वैशाख ३० गते सम्पन्न भएको छ। विगत तीन दशकमा स्थानीय सरकारका लागि भएको यो चौथो निर्वाचन हो। २०४९ सालको स्थानीय निकायको निर्वाचनलाई छोडेर, कुनै संगठित 'राजनीतिक' शक्तिको घोषित बहिष्कार, प्रतिरोध वा सुरक्षा चुनौतीबिनाको यो पहिलो निर्वाचन हो।विगत पाँच वर्षको अनुभवले आम जनता र राजनीतिकर्मीहरूबीच स्थानीय सरकारको महत्त्व एवम् भूमिका संघीय प्रणालीमै थप उजागर हुन्छ भन्ने अनुभूति प्रस्टै गराएको देखिन्छ।

संघीय प्रणाली अनुरूपको 'डेलिभरी' गर्न आवश्यक सबै कानुनी एवम् संरचनागत व्यवस्थाहरू हुन नसक्दा, सबै तहमा आवश्यक कर्मचारीहरू समयमै उपलब्ध नहुँदा, योजना

र बजेट परिचालनमा पर्याप्त सीपको अभाव हुँदा पनि यसअघिका स्थानीय सरकारहरूले धेरै सकारात्मक उदाहरणहरू प्रस्तुत गरे। खास गरी कोभिड-१९ महामारी व्यवस्थापन र पूर्वाधार विकासमा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो उपस्थिति राम्रै दर्साए। सबभन्दा महत्त्वपूर्ण, पालिकाहरूको मेयर वा अध्यक्ष पद राज्यशक्ति प्रयोगको अधिकारका दृष्टिले वास्तवमै कार्यकारी रहेछ भन्ने अनुभूति सबैतिर भयो। यही कराण, प्रदेशसभा र संघीय संसद्को गुमनाम सांसद हुनमा भन्दा कुनै नगरपालिकाको 'कार्यकारी' पदमा बढी आकर्षण देखिन थालेको छ। विगत पाँच वर्षको स्थानीय सरकार सञ्चालनको अनुभव अबको कार्यदिशा तय गर्न सबैका लागि असाध्यै महत्त्वपूर्ण हुनेछ। संविधानको अनुसूची ८ ले तोकिदिएको स्थानीय तहको विशिष्ट जिम्मेवारी र अन्य साझा अधिकारहरूसमेतको अभ्यास र कार्यान्वयनका लागि यी अनुभवहरू अमूल्य सिकाइ हुन्छ।

नेपालको संविधान जारी भएपछि २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनपछि एक कार्यकाल सम्पन्न गरी दोस्रो कार्यकालको लागि स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भएको छ। पहिलो निर्वाचन दुई चरणमा भएको थियो भने यो निर्वाचन ७५३ वटै पालिकाहरूमा एउटै चरणमा सम्पन्न भएको छ। यो निर्वाचन लोकतन्त्रको संस्थागत विकासका लागि कोसे ढुंगे साबित हुने देखिन्छ। वि.सं.२०७४ को स्थानीय निर्वाचनमार्फत नेपाली जनताले शान्ति, लोकतन्त्र र स्थायीत्वको नयाँ युग प्रारम्भ भएको मानिएको थियो। लोकतान्त्रिक निर्वाचनका लागि मानवअधिकार, विधिको शासन, राजनीतिक र नागरिक अधिकारको सम्मान आवशयक छ। त्यसवेला नयाँ संविधान अनुसारको नयाँ व्यवस्था, नयाँ संरचना अनुसारको मतदान गर्नुपर्ने भएकोले आम जनसमुदायमा विशेष गरी समिान्तकृत समुदायमा मतदाता शिक्षाको अभाव नै थियो। यही पक्षमा ख्याल गर्दै यो वर्ष युएनडिपीइयसपी (UNDPESP) को साझेदारी राष्ट्रिय दलित नेटवर्कको अगुवाईमा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाको १८ वटा पालिकाहरूमा मिति २०७९ बैशाख १० देखि २०७९ वैशाख २० गतेसम्म मतदाता शिक्षा अभियान संचालन गरिएको थियो। स्वतन्त्र, निश्पक्ष र सहभागितामुलक निर्वाचनले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न सहयोगी हुनेछ। सोको प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ। प्रतिवेदनमा सुदूरपश्चिमका बझांग, बाजूरा, अछाम, डोटी, कैलाली, कन्चनपुर, दार्चुला, बैतडी र डडेल्धुरा गरी ९ जिल्लामा संचालित मतदाता शिक्षाको सूचना समेटिएको छ।

## ४. मतदाता शिक्षाका उद्देश्यहरू :

- २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा मतदाता शिक्षा अभियान संचालन गर्ने ।
- स्थानीय तह निर्वाचन प्रक्रियामा दलितहरूको सार्थक सहभागिताका लागि सशक्तिकरणमा योगदान गर्ने र स्थानीय निर्वाचनका क्रममा देखा परेका घट्नाहरूको संकलन गर्ने

## ५. मतदता शिक्षा अभियानको कार्यक्षेत्र:

संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रम र निर्वाचन सहायता परियोजनको आर्थिक सहयोगमा राष्ट्रिय दलित दलित नेटवर्कद्धारा सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरू (कैलाली, कंचनपुर, दार्चुला, बैतडी, बझाङ्ग, डडेल्धुरा, डोटी, अछाम र बाजुरा) का १८ वटा पालिकाहरूमा स्थानिय निर्वाचन २०७९ लाई लक्षित गरेर १५ अप्रेल, २०२२ देखि ३१ मे, २०२२ सम्मका लागि मतदाता शिक्षा संचालन गरिएको थियो ।

मिति २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि मतदाता शिक्षाका लागि आवश्यक व्यवस्थापनका लागि संस्थाका तर्फबाट सर्वप्रथम समग्र अभियानको नेतृत्व गर्न पार्वती आग्रीको अगुवाईमा हुकुम सार्की, भरत आग्री, कल्पना सुनार को टीम निर्माण गरियो । कार्यक्षेत्रको बिस्तृत बिवरण यस प्रकार प्रस्तुत गरिएको छ ।



| क्र.सं. | जिल्ला | पालिकाको नाम | स्वयंसेवक | सम्पर्क नंबर |
|---|---|---|---|---|
| १ | दार्चुला | महकालीनगरपालिका र लेकम गाउपालिका | रेखा पार्की | ९७४६२४४२७३ |
| २ | बैतडी | दशरथचन्द नगरपालिका र सुर्नैया गाउँपालिका | बसन्त महर | ९८६४७५७५२४ |
| ३ | डडेल्धुरा | अमरगढी नगरपालिका र नवदुर्गा गाउँपालिका | लोकेन्द्र वि.क | ९८४८८३१५६१ |
| ४ | कंचनपुर | भीमदत्त नगरपालिका र बेदकोट नगरपालिका | कृष्णा ओड | ९८६७७३४२३३ |
| ५ | कैलाली | धनगढी उपमहानगरपालिका र गैारीगंगा नगरपालिका | गौरा वि.क. र खेम सार्की | ९८१३०१६६६९<br>९८६८७०७८१२ |
| ६ | डोटी | दिपायल सिलगढीनगरपालिका र पूर्वीचौकी गाउँपालिका | जगत वि.क. | ९८६६१०८६०३ |
| ७ | अछाम | साफेबगर नगरपालिका र मंगलसेन नगरपालिका | मनिष वि.क. | ९८६२४६९५२८ |
| ८ | बाजूरा | बडिमालिका नगरपालिका र बुडीगंगा नगरपालिका | प्रेम नेपाली | ९८४८४०८२०६ |
| ९ | बभ्कांग | जयपृथ्वीनगरपालिका र थलरा गापा | सुरेश नेपाली | ९८४७५१५९०८ |

## ६ मतदाता शिक्षा अभियानको कार्यान्वयन पद्धतीः

क. एक्टिभीष्टमा आधारित अभियानः राष्टिय दलित नेटवर्क, नेपालको प्रमाणमा आधारित जनवकालत, सामाजिक परिचालन, नितिगत वकालतमा २० बर्ष लामो अनुभवका आधारमा एक्टिभीष्टमा आधारित अभियानहरू सञ्चालन गरियो।




ख. सामुदायिक सशक्तिकरण र मानव अधिकारमुखि पद्धतीः अभियान सञ्चालनको माध्यमबाट दलितहरूको सामाजिक आर्थिक सशक्तिकरणका लागि मानव अधिकारमुखि पद्धती अवलम्बन गरियो जहाँ लक्षित बर्गहरूलाई संगठित गरि परिचालन गरेर आफनो अधिकारका लागि दाबी गर्ने काममा सहजीकरण गरियो।

ग. लैंगिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरणः लक्षित बिभिन्न निकायमा अर्थपूर्ण सहभागिता र सरकारी सेवा तथा श्रोतहरूमा पंहुच अभिबृद्धी गर्नका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरण पद्धतीको अवलम्बन गरियो। परियोजनाको योजना, कार्यान्वयन, अनुगमन तहमा ५० प्रतिशत महिलाको अर्थपूर्ण सहभागिता सूनिश्चित गरि सोका लागि अधिकारवालाको क्षमता अभिबृद्धीमा जोड दिईनेछ।

घ. समन्वय र सहकार्यः स्थानिय स्तरमा रहेका दलित सवाललाई बृहत रूपमा नीतिसंग जोडने रणनीति लिईयो जसका लागि सामुहिक पहलमा जोड दिईनेछ। कार्यक्रमको थप पभावकारीताका लागि कार्यक्षेत्रका ९ जिल्लाहरूमा रहेका जिल्ला निर्वाचन कार्यालय र सुदुरपश्चिम प्रदेश निर्वाचन कार्यालयमा समन्वय र सहकार्य गरियो। जसका माध्यमबाट

मतदाता जागरणका लागि बिभीन्न सामागीहरू पनि बितरण गरियो ।

ड. जवाफदेहिता र निष्पक्षताः बिकास प्रक्रिया, परियोजनाको दिगोपना र कार्यन्वयन प्रक्रियाका सन्दर्भमा अधिकारबालाको अपनत्व बोध तथा आम महशुसीकरण गर्नका लागि जवाफदेहिता र निष्पक्षतामा जोड दिईयो। यसका लागि सहभागिमुलक योजना प्रक्रियालाई जोड दिईयो । मतदाता शिक्षा अभियानका लागि परिचालन गरिएका सामाजिक परिचालकहरू तथा दलित एक्टीभिष्टहरूलाई कुनै पनि राजनितिक दलहरू बिशष प्रचार प्रसारमा सहभागि नहुनका लागि अनुरोध गर्दै निर्वाचनको आचार संहिता पालना गर्नका लागि जानकारी गराईएको थियो ।

## ७. मतदाता शिक्षा अन्तरगत संचालित मुख्य गतिबिधीहरूः

### साँझेदार संस्थाहरूको बैठकः

राष्ट्रिय दलित नेटवर्क र संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम (युनडिपी) **निर्वाचन सहयोग कार्यक्रम** बीच मतदाता शिक्षाका लागि सम्झौता भएपछि यूएनडिपीको आयोजनामा देशभरिका साझेदारहरूबीच काठमाण्डौमा एउटा बैठकको आयोजना गरिएको थियो। जसमा सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय दलित नेटवर्क दलितका लागि, मधेस प्रदेशमा अपांगता भएका व्यक्तिहरू तथा वागमती प्रदेशमा युवाहरूलाई लक्षित गरेर मतदाता शिक्षा अभियान संचालन गरिएको थियो भन्ने कुरा जानकारीमा आएको थियो। उक्त बैठकमा आरडिएनकार्फबाट अध्यक्ष श्री गणेश विश्वकर्मा, कार्यकारी निर्देशक श्री हुकुम बहादुर सार्की र बित्त ब्यवस्थापक श्री भरत आग्रीको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा निर्वाचन आयोगका प्रवक्ता, संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रमका लैंगिक समानता र सामाजिक समावेशीकरण आउटरीच सल्लाहकार श्री निकीला श्रेष्ठ, क्षमता विकास अधिकृत श्री विष्णुबहादुर नेपाली र अनुगमन तथा मुल्याकंन अधिकृत श्री पुष्पा मुखिया सुनुवार लगायतले आ आफनो बिषयमा क्षेत्रगत रूपमा प्रस्तुती गर्नु भएको थियो ।

### स्वयंसेवकहरूको छनोटः

राष्ट्रिय दलित नेटवर्क र संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम (युनडिपी) **निर्वाचन सहयोग कार्यक्रम** बीच सम्झौता भएपछि सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूका

१८ वटा पालिकामा मतदाता शिक्षा अभियान संचालनका लागि १० जना स्वयंसेवक तथा सामाजिक परिचालकहरूलाई छनोट गरिएको थियो। सो कार्यका लागि राष्ट्रिय दलित नेटवर्कका सम्बन्धीत जिल्ला शाखाहरू र पालिका स्तरिय दलित भुमि अधिकार युनियनसंग समन्वय गरिएको थियो। कार्यक्रमका लागि आवश्यक १० जना स्वयंसेवक तथा सामाजिक परिचालकहरूलाई छनोट गर्नका लागि निम्नानुसारका क्षेत्रहरू निर्धारण गरिएको थियो।

**छनोटका आधारहरू:**

- १८ बर्ष उमेर पुगेको
- नेपाली नागरिकताको प्रमाणपत्र भएको
- स्थानिय तहको निर्वाचनमा उम्मेदवारीका लागि तयार नहुने व्यक्ति
- कुनै राजनितिक दलको प्रचार प्रसारमा सामेल नहुने व्यक्ति
- मतदाता नमावलीमा नाम भएको व्यक्ति
- ईमेल इन्टरनेटमा पहुँच भएको व्यक्ति
- फेसबुक: सामाजिक संजालमा निरन्तर संग्लन भएको व्यक्ति
- दलित महिलालाई बिशेष प्राथमिकता
- सामाजिक परिचालनमा ज्ञान भएको
- समन्वय र सहकार्यमा सिप भएको
- प्रतिबेदन लेखन सिप भएको व्यक्ति

## सरोकारवालाहरूबीच सदुरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम :

आसन्न निर्वाचनमा मतादाता शिक्षाको महत्वको विषय तथा उपायका विषयमा सरोकारवालाहरूबीच कैलालीको धनगढीमा सदुरपश्चिम प्रदेश स्तरिय एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा ९ वटा जिल्लाका संभावित उम्मेदवारहरू, बिभीन्न राजनितिक दलका नेताहरू, नागरिक समाज र पत्रकारहरूको प्रतिनीधिमुलक सहभागिता रहेको थियो। कार्यक्रममा १२ महिला र ३६ पुरु ष गरी जम्मा ४८ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता राष्ट्रिय दलित नेटवर्कका कार्यवाहक अध्यक्ष मोहन ओडले गर्नुभएको थियो भने कार्यक्रमको संचालन राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम ब.सार्कीले गर्नु भएको थियो। कार्यक्रममा सहभागीहरूले मतदाता

शिक्षाका विषयमा अनुभवमा आधारित सुझावहरू दिएका थिए भने उक्त कार्यक्रममा नेपाली काँग्रेसका कैलाली जिल्ला सचिव नृप सुनार, नेकपा (माओवादी केन्द्र) प्रदेश कमिटि सदस्य गोविन्द विक र नेकपा (एकीकृत समाजवादी) कैलाली जिल्ला उपसचिव दीर्घ जोशीले आगामी स्थानीय तहको निर्वाचनमा दलितउम्मेदवार बढाउन प्रयास गर्ने प्रतिवद्धता गरे। नेपाली काँग्रेसका कैलाली जिल्ला सचिव नृप सुनार, नेकपा (माओवादी केन्द्र) प्रदेश कमिटि सदस्य गोविन्द विक र नेकपा (एकीकृत समाजवादी) कैलाली जिल्ला उपसचिव दीर्घ जोशीले आगामी स्थानीय तहको निर्वाचनमा दलित उम्मेदवार बढाउन प्रयास गर्ने प्रतिबद्धता गर्नुभएको थियो। कार्यक्रमको अन्तमा स्व.मुल्याकंन समेत गरिएको थियो।



**स्वयंसेवकहरूलाई अभिमुखिकरणः**

कार्यक्षेत्रका ९ वटा जिल्लाका १८ वटा पालिकाहरूमा स्तरमा मतदाता शिक्षा अभियान संचालनका लागि ९ वटै जिल्लाबाट प्रतिनिधीत्व हुने गरि १० जना स्वयंसेवक तथा सामाजिक परिचालक र अभियान व्यवस्थापन समुहलाई एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। उक्त अभिमुखिकरण कार्यक्रमको सहजीकरण सुदुरपश्चिम निर्वाचन कार्यालयका प्रमुख श्री प्रेमराज भट्टले गर्नुभएको थियो। उहाँले निर्वाचन प्रद्धती र मतदान प्रक्रियाका बारेमा प्रस्तृती गर्दै निर्वाचनका कानूनी तथा मतदानका क्रममा पर्ने संभावित व्यहारिक जटिलताका विषयमा दाहोरो छलफल गराउनु भएको थियो। राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष श्री गणेश बिश्वकर्माले स्वयंसेवकले ध्यान दिनुपर्ने र तटस्थताका विषयमा प्रशिक्षण दिनुभएको थियो भने कार्यकारी निर्देशक हुकम ब. सार्कीले मतदाता शिक्षाका गतिविधिहरूतथा रिपोर्टिग फर्मेट भर्ने प्रक्रियाका विषयमा जानकारी


गराउनु भएको थियो ।। राष्ट्रिय दलित नेटवर्कका बित्त ब्यवस्थापक श्री भरत आग्रीले आर्थिक व्यवस्थापनका विषयमा जानकारी गराउनु भएको थियो । सो कार्यक्रममा संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम (युनडिपी) निर्वाचन सहायता परियोजनाका अनुगमन तथा मुल्याकंन अधिकृत श्री पुष्पा मुखरिया सुनुवारले जुम मार्फत मतदाता शिक्षा अभियानका दौरानमा अवलम्बन गर्नुपर्ने अनुगमन पद्धतीका विषयमा प्रशिषण दिनु भएको थियो । कार्यक्रमको अन्तमा स्व.मुल्याकंन समेत गरिएको थियो ।



## नमूना मतदानको अभ्यास

स्वयंसेवकहरूलाई अभिमुखिकरणका क्रममा मतदाता शिक्षाको सैद्धान्तिक पक्षका बारेमा छलफल भए पश्चात त्यसको व्यवहारिक प्रयोगको लागि नमूना मतदान गरिएको थियो । उक्त कार्यक्रम अभियान संयोजक श्री पार्वती आग्रीले सहजीकरण गरेको सो नमूना मतदानमा १५ जनाको सहभगिता रहेको थियो । ३ वटा मत बदर भएका थिए भने १२ वटा मत सदर भएका थिए । नमूना मतदानका क्रममा भएका व्यवहारिक कमीकमजोरीलाई ध्यान दिने विषयमा दोहोरो छलफल गरिएको थियो । मतदानका क्रममा स्वयंसेवकले तटष्थता कायम गर्नु पर्ने कुरामा ध्यान दिइएको थियो । सोही क्रममा राष्ट्र संघीय बिकास कार्यक्रम (युनडिपी) **निर्वाचन सहयोग कार्यक्रम**को फर्मेटमा भर्ने तरिका समेत अभ्यास गरिएको थियो ।






## जिल्लागत मतदाता शिक्षा कार्यक्रमः


स्वयंसेवकहरूको अभिमुखिकरण सम्पन्न गरिसकेपछि जिल्लागत कार्ययोजना निर्माण गरिएको थियो। जसमा सबै जिल्लाहरूमा दलित वस्तिमा एकै दिन मतदाता शिक्षा संचालन गर्ने र दोस्रो दिन नमूना मतदान गर्ने योजना बनाइएको थियो। यसका साथै जिल्लागत योजना बनाएर अघि बढ्ने निर्णय गरिएको थियो। सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूः कैलाली १२ कंचनपुर १०००, दार्चूला ४००, बैतडी ४००, डडेल्धुरा ४००, डोटी ४००, अछाम ४००, बाजूरा ४०० र बझांगमा ४०० गरी ५००० जनताका बीचमा मतदाता शिक्षा संचालन गर्ने योजना बनाइएको थियो। सोही अनुसार यूएनडिपीबाट प्राप्त नमूना मतपत्र तथा अन्य मतदाता शिक्षाका सामाग्रीहरू जिल्लागत रूपमा वितरण गरिएको थियो।




कार्ययोजनाका आधारमा सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १८ वटा पालिकाहरूका ५००२ दलित मतदाताका बिचमा निर्वाचन प्रक्रिया,मतदाता शिक्षा र नमुना मतदान बारे छलफल गरिएको थियो। जसमा २५३१ महिला र २४७१ पुरुषहरू सहभागि भएका थिए। मतदाता शिक्षा अभियानका लागि ९० वटा ईभेन्टहरू आयोजना गरिएका थिए। यसका लागि निवार्चन प्रक्रिया,मतदाता शिक्षा र नमुना मतदान बारे यस अघि नै धनगढीमा स्वयमसेवक लाई अभिमुखिकरण कार्यक्रम गरेर प्रशिक्षण गरिएको थियो। मतदाता शिक्षा अभियान अन्तरगत मतपत्र मा कसरी स्वस्तिक छाप लगाउने र निर्वाचनमा बदर मतको संख्यामा कमि ल्याउन दलित समुदायका गाउगाउ मै पुगेर बैशाख १० गते देखि बैशाख १७ गतेसम्म ५००२ जना मतदातालाई नमुना मतदान सम्बन्धि शिक्षा दिईको थियो।

उक्त मतदाता शिक्षा अभियानमा सहभागी ५००२ जना मतदातालाई लिङ्ग, जातजाती, उमेर, शिक्षा र पेशाको आधारमा निम्नानुसार बिश्लेषण गरिएको छ।


## आम रूपमा संचालन गरिएको अभियान:





## लिङ्गकका आधारमा:





## जातजातीका आधारमा





## उमेरका आधारमा




## शिक्षाका आधारमा




## शिक्षाका आधारमा




## नमूना मतदान कार्यक्रम

९ जिल्लाका तोकिएका १८ वटा पालिकाहरूका दलित समुदायको वस्ति भएका स्थानहरूमा योजना अनुसार मतदाता शिक्षा दिनुकासाथै उनीहरूका बीचमा नमूना मतदान गरिएको थियो। गर्मिको र खेतीपाती कामका कारण सहभागीहरूको समयानुकुल हुने गरी व्यवस्था मिलाइएको थियो। साथै निर्वाचन प्रचारको काम राजनीतिक दलहरूले तीब्र बनाएका हुनाले तटष्थताको लागि उच्च शर्तकता अवलम्बन गरिएको थियो।

| क्र.सं. | जिल्ला | पालिकाको नाम | मतदाता शिक्षामा सहभागीता | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | कैलाली | धनगढी उपमहानगरपालिका | ३९० | ३०१ | ६९१ |
| | | गौरीगंगा नगरपालिका | ३७४ | ४३७ | ८११ |
| २ | कंचनपुर | भीमदत्त नगरपालिका | २४० | १९६ | ४३६ |
| | | बेदकोट नगरपालिकार | ७५ | ८५ | १६० |
| ३ | दार्चुला | महाकाली नगरपालिका | २० | २९ | ४९ |
| | | लेकम गाउँपालिका | १५१ | २२१ | ३७२ |
| ४ | बैतडी | दशरथचन्द नगरपालिका | ८५ | १४२ | २२७ |
| | | सुरनैया गाउँपालिका | ८७ | १०५ | १९२ |
| ५ | डडेल्धुरा | अमरगढी नगरपालिका | २२८ | ९ | २३७ |
| | | नवदुर्गा गाउँपालिका | १०७ | ८७ | १९४ |
| ६ | डोटी | दिपायल सिलगढी नगरपालिका | १०५ | ९६ | २०१ |
| | | पूर्वीचौकी गाउँपालिका | १०१ | ९९ | २०० |
| ७ | अछाम | साफेबगर नगरपालिका | ८५ | १११ | १९६ |
| | | मंगलसेन नगरपालिका | ७१ | १४३ | २१४ |
| ८ | बाजूरा | बडिमालिका नगरपालिका | १४७ | १८० | ३२७ |
| | | बुडीगंगा नगरपालिका | २९ | ४५ | ७४ |
| ९ | बझाङ | जयपृथ्वी नगरपालिका | १०५ | १५५ | २६० |
| | | थलारा गाउँपालिका | ७१ | ९० | १६१ |
| कुल जम्मा | | | २४७१ | २५३१ | ५००२ |

## नमुना मतदानको बैद्यता


९ जिल्लाका तोकिएका १८ वटा पालिकाहरूका आयोजना गरिएका ९० वटा नमुना मतदानमा जम्मा ५००२ मतदानहरू खसेका थिए। जसमध्ये ४२०२ वटा मतहरू सदर भएका थिए भने ८०० मतहरू बदर भएका थिए जसलाई निम्नानुसारले उल्लेख गरिएको छ।





## बिभीन्न कार्यक्रमहरूको सहभागि मुल्याकंन

स्वयंसेवकहरूका लागि अभिमुखीकरण कार्यक्रममा सहभागी १० जना सहभागिहरूका बिचमा स्वमुल्याकंन गरियो। उक्त १० जना सहभागीहरू मध्ये ७ जना सहभागीहरूले कार्यक्रमको ढाचाँमा पुर्ण सहमती जनाए। त्यसैगरी ३ जना सहभागीहरूले आफुहरू सहमत भएको कुरा जनाए। कार्यक्रममा सहभागी १० जना मध्ये कसैले पनि असहमत र पुर्ण असहमत भएको कुरा दर्शाएनन। त्यसैगरी अभिमुखीकरण कार्यक्रमको बिषयसुचीका सन्दर्भमा ६० प्रतिसत सहभागीहरूले पुर्ण रूपमा सहमत भएको कुरा ब्यक्त गरे भने ३० प्रतिसतले सहमत भएको बताए। यसको अलवा ५ प्रतिसतले आफुहरू असहमत भएको कुरा दर्शाएका थिए भने बाँकी ५ प्रतिसत सहभागीहरूले पुर्ण रूपले असहमत भएको कुरा बताएका थिए।


## कार्यक्रमको ढाचाँ




स्थानिय तहको निर्वाचनमा दलित समावेशीकरणलाई लक्षित गरेर गरिएको सुदुरपश्चिम प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा राजनितिक दलहरू, समुदायका संभावीत उम्मेदवारहरू, नागरिक समाज र दलित एक्टीभिष्टहरू गरि जम्मा ४८ जनाको सहभागिता रहेको थियो। जसमध्ये ४० जना सहभागीहरूले आफुहरू कार्यक्रमको ढाचाँका सम्बन्धमा पुर्ण रूपमा सहमत रहेको कुरा ब्यक्त गरे। त्यसैगरी बाँकी ८ जना सहभागीहरूले सो सम्बन्धमा सहमत भएको कुरा औल्याए। कार्यक्रमका कुनै पनि सहभागीहरूले आफुहरू असहमत र पुर्ण रूपमा असहमत रहेको कुरा औल्याएका थिएनन। कार्यक्रमको बिषयबस्तु सान्दर्भिक छ कि छैन भन्ने प्रश्नको उत्तरमा ३६ जना सहभागीहरूले पुर्ण रूपमा सहमत, ८ जनाले सहमत, ३ जनाले असहमत र बाँकी १ जना सहभागीले आफु पुर्ण रूपमा असहमत रहेको ब्यक्त गरे। त्यसैगरी ७४ प्रतिसत सहभागीहरूले कार्यक्रमको ब्यवस्थापन एकदम राम्रो भएको बताएका थिए भने १७ प्रतिसत सहभागीहरूले राम्रो रहेको कुरा महशुसीकरण गरेका थिए भने बाँकी ९ प्रतिसत सहभागीहरूले कार्यक्रमको व्यवस्थापनमा केही सुधार ल्याउनुपर्ने कुरामा सुझाव दिएका थिए। कार्यक्रममा सहभागी मध्य ८० प्रतिशतले समावेशीकरण र मतदान अधिकारका सम्बन्धमा आम रूपमा समान बुझाई कायम गर्नुपर्नु पर्ने कुरामा आफनो धारणा व्यक्त गरेका थिए।

**कार्यक्रमको ब्यवस्थापन पक्षः**




## अनुगमन तथा मूल्याङ्कन

जिल्लागत रूपमा संचालित मतदता शिक्षाको राष्ट्रिय दलित नेटवर्कका अभियान संयोजक पार्वती आग्रीले यसको मूल संयोजक गर्नु भएको थियो भने अन्य प्राविधिक तथा प्रशासनिक काममा कार्यकारी निर्देशक हुकुम ब. सार्की, बित्त ब्यवस्थापक भरत आग्री र कल्पना सुनारले अनुगमन गर्ने र स्वयंसेवकहरूलाई परिचालन गर्ने काम गर्नु भएको थियो। तोकिएको समयमा मतदाता शिक्षा सफलतापूर्वक सम्पन्न भएको थियो। छोटो अवधिका लागि संचालन भएको यो मतदाता अभियान अत्यन्तै सफल तथा सबैले प्रशंसायोग्य कार्यक्रमका रूपमा सम्पन्न भएको थियो।

## ८. अभियानका मुख्य उपलब्धीहरूः

- सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १८ वटा पालिकाहरूका ५००२ दलितहरूले सक्रिय रूपमा मतदाता शिक्षा अभियानमा सहभागि भई उनीहरू मतदान प्रक्रियाका बारेमा सचेत भएका छन्।
- सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १० जना स्वयंसेवकहरू तथा सामाजिक परिचालकहरूको मतदाता शिक्षा अभियान सम्बन्धी क्षमता अभिवृद्धि भई उनीहरूलाई सो अभियानमा परिचालन गरि ५००२ दलित मतदाताहरूको आम रूपमा सशक्तिकरण गरियो।

- सुदुरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रमका माध्यमबाट ४८ जना दलित नागरिक समाज, संभावित उम्मेदवारहरू,बिभीन्न राजनितिक दलहरू, सामाजिक एक्टीभिष्टहरूको सामाजिक समावेशीकरण र संबैधानिक प्रावधानका बारेमा सचेतना अभिबृद्धी भयो।
- ५०० वटा प्रतिबेदनको प्रकाशन र बितरणको माध्यमबाट मतदाता शिक्षा अभियानको सिकाई आदन प्रदान भयो।
- संचार माध्यम र सामाजिक संजालको माध्यमबाट मतदाता शिक्षा अभियानबारे ब्यापक रूपमा सुचना सम्प्रेशष भई आम रूपमा जनचेतना फैलाउने कामको थालनी भयो।
- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा समन्वय र सम्पर्क बिस्तार भई आगामी दिनहरूमा सहकार्य गर्नका लागि सहज बातावरणको श्रृजना भयो।

## ९. **सिकाइ तथा अनुभवहरू :**

- देशभरि सबै स्थानीय तहमा एकै दिन एउटै चरणमा निर्वाचन गर्नु प्रशंसनीय छ।
- संचारमाध्यम, सुरक्षाकर्मी नागरिक समाज, राजनीतिक दलहरूद्धारा निर्वाचनलाई स्वतन्त्र, निश्पक्ष र सहभागितामुलक बनाउन सहयोगी भूमिका पाइयो।
- राजनीतिक दलका प्रतिनीधिहरू विशेषगरी उम्मेदवारहरूको पहलकदमीमा आफ्नो आफ्नो चुनाव चिन्हमा मतदान गर्न घरघरमा मतदाता शिक्षा दिइएको पाइयो।
- विभिन्न सभा, सम्मेलन, भेटघाट, विभिन्न संचारमाध्यम, सामाजिक संजालहरूबाट मतदाता शिक्षामा जोड दिएको पाइयो। मोबाइलको रिंगटोन महत्वपूर्ण उपाय भएको पाइयो।
- मतदाता शिक्षा र नमूना मतदानमा दलित समुदायको उल्लेख्य सहभागिता देखियो।
- गर्मीको बेला त्यसमा पनि खेतिपातीको बेलामा परेको हुनाले मानिसहरूको सहभागितामा कमी जस्तो देखिए पनि महिलाहरूको सहभागिता उल्लेख्य मात्रामा देखियो।
- नागरिकता वा परिचय खुल्ने सरकारी कागजातको प्रयोग सहज भएपनि मतदाता परिचय पत्र अनिवार्य गर्न सक्दा स्वच्छतामा प्रभावकारी हुने देखियो।
- दलित समुदायका व्यक्तिहरूलाई सबै दलहरू तथा उममेदवारहरूले विभिन्न प्रलोभनहरू दिने, बसोवासबाट बेदखल गरिदिने धाक धम्की दिने, उनीहरूलाई किनबेचका बस्तु बनाउने र उनीहरूकै नामबाट पार्टीकै कार्यकर्ता तथा दलालहरूले ठूलो रकममा लिनदिन

हुन सक्ने देखियो।

- निर्वाचन ताका दलित उत्पीडितहरूका बस्तीहरूको स्वतन्त्रता र सुरक्षामा जोड दिनपर्ने देखियो। केही स्थानहरूमा दलितहरूका मतहरू बिक्री हुने हुँदा आफू प्रतिकुल हुने देखिएका दलितहरूका मतदाता नामावली संकलनमा सहभागी नगराउने गराएपनि आवशयक कागजातको जानकारी नदिने, लामो समय लाइन लाग्नुपर्ने हुँदा उनीहरू सहभागी नहुने अवस्था देखियो।

## १०. सिफारिश तथा सुझावहरू :

- केही अनुभव प्राप्त दोस्रो पटकको निर्वाचन भए पनि दलितहरू विभिन्न राजनीतिक दलहरू तथा स्वतनत्र लगायतका उम्मेदवारहरूका खेल मैदान हुने भएकाले लोकतन्त्र, विधिको शासन तथा स्वतन्त्रताबारे उनीहरूलाई स्पष्ट पार्नुपर्ने।
- मतदाता शिक्षाको सन्देश स्पष्ट र छोटो हुनुपर्ने, विशेषगरी महिला, जेष्ठ नागरिक, असाक्षर व्यक्तिहरका लागि उनीहरूको मतदानको स्वतन्त्रता र गोपनियताको सुनिशिचत गरिनुपर्ने।
- मतदाताका अलावा राजनीतिक दलहरू, नागरिक समाज, कर्मचारीहरू, सुरक्षा कर्मीलगायतका लागि मतदाता शिक्षा अन्तर्गत समेटिनुपर्ने।
- मतदाता नामावली दर्ता, फोटो खिच्ने समय र नागरिकता लिदा मतदाता परिचय पत्रको महत्वबारे मतदता शिक्षा दिनुपर्ने देखिन्छ। तोकिएको एक मात्र होइन विकल्प पनि खुला गर्नुपर्ने देखिन्छ।
- मतदाता शिक्षाका क्रममा लैङ्गिक, जातीय, सामुदायिक, धार्मिक र अपांगतामैत्री वातावरण निर्माणमा जोड दिदै मतदाताको अधिकार, कर्तव्य, निर्वाचन प्रक्रिया लगायतका विषयमा आधारभूत तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।
- निर्वाचन आयोग, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र, राजनीतिक दलहरू र यिनका जनवर्गी संगठनहरू, आमा समूह, स्थानीय क्लबहरू, विभिन्न धार्मिक समूहलाई तालिम दिनुपर्ने देखिन्छ।
- नमूना मतदानका क्रममा संभावित सुरक्षा चुनौतिका विषयमा पनि जानकारी गराउनुपर्ने।
- पढ्न र सुन्न नसक्ने मतदाताहरूका लागि वैकल्पिक उपायहरू अबलम्बन गर्ने। साथै मतपत्र दिदा ल्याप्चे लाउने काम तुरुन्त बन्द गर्नुपर्ने, अन्यथा सोही ल्याप्चेले मतपत्रमा

मत हाल्ने मनोविज्ञान निर्माण हुने देखियो ।

- निर्वाचन आयोगले शुभारम्भमा वितरण गरिने नमूना मत पत्रमा सम्बन्धित पार्टीका आधिकारिक चुनाव चिन्ह नै राख्ने र स्वतन्त्रको हकमा मात्र अन्य चिन्हको कल्पना गर्ने अन्यथा उनीहरुमा अन्यौलता आउने देखिन्छ।
- मतदात शिक्षाले केवल मतदान मात्र होइन दलित जस्ता सिमान्तकृतहरूलाई उम्मेदवारीका लागि समेत सशक्तिकरण गर्नुपर्ने देखिन्छ।
- मतगणना कार्यलाई छिटो छरितो र पारदर्शी तथा भरपर्दो बनाउन सम्बन्धित मतदान केन्द्रलाई मत गणनाको समेत जिम्मा दिनुपर्ने देखिन्छ।
- मतदाता नछुटुन र राज्यसत्ता समावेशी बनाउनका लागि मतदाता समावेशी बनाउन जरुरीछ। यसका लागि मतदाता नाम संकलनको काम सम्पूर्ण रूपमा वडालाई दिने, मतदाता संकलन अस्थायी टोली खटाउने र व्यक्तिगत घट्ना दर्ता, नागरिकता तथा लालपुर्जा, राष्ट्रिय परिचय पत्र आदिसंग अनिवार्य जोड्ने ।
- निर्वाचन प्रक्रिया, मतदाताको स्पष्टता र निर्वाचन प्रणालीलगायतका विषयमा दलित समुदायसंग छलफल गरी उनीहरूको स्वामित्व हुने गरी ५ वर्षे रणनीति निर्माण गर्ने ।
- मतदाताहरू विशेष गरी दलित जस्ता सिमान्तकृत समुदायको मतदानको अधिकारलाई परिवार, समुदाय, अमूक दलहरूबाट मुक्त गर्न पहल गर्ने साथै दलितहरू पैसा, मासुमा बेचिन्छन् भन्ने भाष्यलाई विस्थापित गरि स्वतन्त्र नागरिकको परिचय बनाउन भूमिका खेल्ने
- दलित समुदायमा व्याप्त बहुआयामिक गरिवी, उत्पीडन, भूमिहिनता, सुकुम्बासी, अव्यवस्थित बसोवासी, बेरोजगारी तथा यस्तै खाले बहिष्करणको फाइदा उठाएर विभिन्न प्रलोभन दिने अवस्थाको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउने ।
- दलित समुदायको मतदाता नामावली दर्ता, उनीहरूको प्रक्रियामा पहुंच, उनीहरूको सुरक्षा तथा समावेशीकरणमा उच्चस्तरको सतृकता अबलम्बन गर्नुपर्ने देखिन्छ।
- केन्द्र, जिल्ला तथा स्थानीय तहमा रहेका निर्वाचनका सबै कर्मचारीहरू तथा सुरक्षाकर्मीहरू, म्यादी प्रहरी, निर्वाचन पर्यवेक्षक, राजनीतिक दलका प्रतिनीधहरू, स्थानीय समाजसेवीहरलाई दलित अधिकारको संवेदनशिलताबारे प्रशिक्षण दिनुपर्ने। यी प्रक्रियाहरूमा दलितहरुको सहभागितालाई अनिवार्य गराउने ।
- संविधान तथा विद्यमान ऐन कानूनले सुनिश्चित गरेको दलित आरक्षणको व्यवस्थालाई अबलमबन नगर्ने राजनीतिक दलहरू तथा अन्य जोकोहीलाई निर्वाचन आयोगले

कानूनको कठघरामा ल्याउन पहल गर्ने ।

## ११. **निश्कर्ष** :

नेपालको संविधान जारी भएपछिको स्थानीय तहको ५ वर्षे कार्यकाल समाप्त गरी दोस्रो कार्यकालका लागि भएको निर्वाचनले विगतका चुनौतिहरूलाई अवसरमा बदल्दै निर्वाचन सम्पन्न भएको छ। दलित जस्ता सीमान्तकृत समुदायका बीचमा मतदानको उपाय मात्र भन्दा पनि मतदानको महत्व र मतदानका समयमा उनीहरूले थेग्नुपर्ने दवावलाई सहज बनाउने संरचनागत परिवर्तनमा पनि ध्यान दिनुपर्ने देखिएको छ। दलित समुदायका विशेष गरी महिला, जेष्ठ नागरिक, अपाँगता भएका व्यक्तिहरू र असाक्षरहरूले मतदाता परिचय पत्र नबनाएको, बनाएपनि हराएको, निर्वाचन आयोगबाट टोली आउँदा थाह नपाएको अवस्था देखिएको छ। विडम्बना त के भने दलितहरूका मत खरिद विक्री हुन्छन् यिनीहरूको भर हुंदैन भने मतदाता नामावली संकलनको बेला राजनीतिक दलहरू तथा गाउँका अगुवाहरूले उनीहरूलाइ्र प्रक्रिया लम्ब्याउने, वाकक दिक्क बनाउने, कागज पत्रको अनावश्यक माग गर्ने, काममा व्यस्त हुनुपर्नेहरूलाई समय नदिदा उनीहरू छुट भएको देखिएको छ। भने कतिपयको २०७४एउटा जिल्लाबाट मतदान गरेको हाल आएर कम्प्यूटरमा पहाडी जिल्लामा कायम भएकाले उम्मेदवारीबाट समेत बहुनु परेको अवस्था समेत देखियो। यी र यस्ता व्यवहारिक सवालहरूको सही ढंगले समाधान गर्दै अघि बढ्नुपर्दछ।

## **घटना अध्ययनः स्थानिय तहको निर्वाचनमा दलितहरूको कमजोर प्रतिनीधित्वः**

दलित समुदायका अगुवाहरूले सुदूरपश्चिम प्रदेशमा दलितको जनसंख्या १८.९प्रतिशत भएपनि स्थानीय तहमा निक्कै कमजोर प्रतिनिधित्व भएको बताएका छन्।शनिबार धनगढीमा आयोजित एक कार्यक्रममा दलित समुदायका अगुवाहरूले यस्तोबताएका हुन्। यूएनडिपीको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धाराआयोजित आगामी स्थानीय तहको निर्वाचनमा दलितहरूको समावेशीकरण विषयकसुदूरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रममा सुदूरपश्चिमका नौ वटैजिल्लाबाट सहभागी दलित अगुवाहरूले स्थानीय तहमा प्रतिनिधित्व बढाउन आआफ्नो दलमा दवाव दिनुपर्नेमा जोड दिए।समता



मिडिया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले आफूले सबै दलमा दलितउम्मेदवार बनाउनका लागि पहल गरिरहेको बताए। दलित समुदायका उम्मेदवारजिताउ अभियान संचालन गरेको समेत परियारले बताए ।सो अवसरमा अधिवक्ता पुष्पविक्रम शाहीले स्थानीय तहमा दलितको अवस्था बारेकार्यपत्र प्रस्तुती गरेका थिए। कार्यपत्रमा सुदूरपश्चिम प्रदेशका ८८स्थानीय तहमा अहिले दलित समुदायका पाँच जना मात्र प्रमुखरउपप्रमुख रहेकोउल्लेख गरिएको छ। यस्तै खुला क्षेत्रबाट २६ जना महिला सदस्य र आरक्षणतर्फबाट ७२९ महिला सदस्य रहेको उल्लेख गरे।

कार्यक्रममानेकपा(एकीकृतसमाजवादी)कातर्फबाटधनगढीउपमहानगरकोउपप्रमुखमा प्रस्तावित रोजी बस्नेतले दलितलाई सधै पार्टीले उपेक्षा गर्नेगरेको र हार्ने ठाउँमा मात्र दलितलाई उम्मेदवार बनाउने गरेको गुनासो गरे ।समता मिडिया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले आफूले सबै दलमादलित उम्मेदवार बनाउनका लागि पहल गरिरहेको बताए। दलित समुदायका उम्मेदवारजिताउ अभियान संचालन गरेको

समेत परियारले बताए।चैत्र १८ गते धनगढीकै होटल सनलाईटमा समता मिडिया सेन्टरले सबै दलकाप्रमुखलाई सहभागी बनाएर स्थानीय तहमा दलित प्रतिनिधित्व बढाउने बारेकार्यक्रम आयोजना गरेको र उक्त कार्यक्रममा दलका प्रमुखहरूले प्रतिबद्धताजनाएको समेत उनले बताए।

सो अवसरमा अधिवक्ता पुष्पविक्रम शाहीले स्थानीय तहमा दलितको अवस्था बारेकार्यपत्र प्रस्तुती गरेका थिए।

# छापामा राष्ट्रिय दलित नेटवर्क
























**प्रकाशकः**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

केन्द्रीय कार्यालय, धनगढी-५, हसनपुर कैलाली

सम्पर्क नं.: ०९१-५२०६०४ (केन्द्रिय कार्यालय)

केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं, सम्पर्कः ९८४१०१२६०७

इमेलः rdnnepal@yahoo.com, वेबसाइटः www.rdnnepal.org.np